SaMi Safer Migration Project | HELVETAS NEPAL | माण्डवी

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

माण्डवी (Mandwi) गौर न.पा. स्थित गैर सरकारी संस्था हो । Mandwi ले Switzerland-SDC को अनुदानमा रौतहट जिल्लाको ३ नगरपालिकाहरु गौर, चनद्रपुर, गरुढा र दुर्गा भगवतिपुर गाँउपालिकामा सामाजिक सुरक्षा तथा संरक्षण गर्ने उदेश्यले **"सुरक्षित आप्रवासन परियोजना-Safer Migration Project"** सञ्चालन गर्न गईरहेको छ । तसर्थ सो कार्यक्रम सञ्चालनको लागि निम्नानुसारको जनशक्तिहरुको आवश्यकता रहेको हुनाले अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदहरुका लागि दरखास्त आव्हान गरिएको छ ।

**पद : परियोजना संयोजक (१ जना)**
**पदस्थापन स्थान :** माण्डवी कार्यलय, गौर
**आवश्यक योग्यता तथा अनुभव :**

- मानवीकी तथा सामाजिक संकाय, व्यवस्थापन, शिक्षा, कानून वा सम्वन्धित अन्य विषयमा कम्तीमा स्नातकतह उत्तीर्ण गरी ५ वर्षको विकास सम्बन्धी कार्यानुभव, कम्तीमा २ बर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रहि कार्य गरेको अनुभव भएको हुनु पर्ने । तर ५ बर्ष भन्दा बढी अनुभव भएको ,स्नात्तोतर तह उत्तीर्ण गरेको,सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमाकाम गरेको तथा सम्बन्धित बिषयमा तालिम प्राप्तलाई प्राथमिकता दिईनेछ ।
- सम्बन्धित कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने, कार्य योजना, बजेट तथा बार्षिक कार्य तालिका तयार गरी कार्यान्वयन गर्ने, प्रगति प्रतिवेदनहरु तयार गर्ने, सुरक्षित आप्रवासन सम्बन्धी अध्ययन, अनुसन्धान तथा आधारभूत सर्वेक्षण कार्यमा सहयोग गर्ने, सञ्चालित विभिन्न क्रियाकलापहरु तथा कर्मचारीहरुको नियमित निरीक्षण गर्ने, स्थानीय तहहरु, परियोजना सहयोग इकाई तथा सम्वन्धित सरोकारवालाहरुसंग समन्वय तथा सहकार्य गर्न सक्ने क्षमता भएको ।

**पद : लेखा तथा प्रशासन अधिकृत (१ जना)**
**पदस्थापन स्थान:** माण्डवी कार्यलय, गौर
**आवश्यक योग्यता तथा अनुभव :**

- व्यवस्थापन संकायमा स्नातक तह उत्तीर्ण गरी लेखा तथा प्रशासनमा कम्तीमा ३ बर्षको कार्यानुभव हुनु पर्ने । तर ३ बर्ष भन्दा बढी कार्य अनुभव भएको, स्नात्तोतर उत्तीर्ण भएको, सार्वजनिक लेखा व्यवस्थापन तथा परियोजना लेखा व्यवस्थापन सम्बन्धि तालिम प्राप्त, सरकारी संस्थामा लेखा तथा प्रशासन मा काम गरेको अनुभव भएकोलाई प्राथमिकता दिईनेछ ।
- सम्झौता अनुसार कार्य सम्पादनको लागि आर्थिक तथा प्रशासकीय पक्षसंग सम्बन्धीत सम्पूर्ण क्रियाकलापहरुको कार्यान्यवन गर्ने, बिनियोजित बजेटको अनुगमन तथा नियन्त्रण गर्ने, आर्थिक प्रतिवेदन तयार गर्ने, सम्पूर्ण आर्थिक कारोबारहरुको अभिलेख दुरुस्त राख्ने, आन्तरिक नियन्त्रण प्रणालीलाई सुनिश्चित गर्ने, सामग्री तथा सेवा खरीद योजना तथा प्रक्रियालाई सहजीकरण गर्ने, लजिस्टिक व्यवस्थापन गन सक्ने क्षमता भएको ।

**पद : सूचना तथा परामर्शकर्ता (२ जना)**
**पदस्थापन स्थान: गौर १, चन्द्रपुर १**
**आवश्यक योग्यता तथा अनुभव :**

- न्यूनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्यमा वा सामाजिक परिचालनको क्षेत्रमा कम्ती ३ वर्षको कार्यानुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको तथा जिल्लामा चलनचल्तिको स्थानीय भाषा जानेकोलाई प्राथमिकता दिईनेछ ।
- जिल्ला प्रशासन कार्यालयमा पासपोर्ट वनाउन आउने महिला तथा पुरुषहरुलाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श सेवा प्रदान गर्ने, सम्भावित आप्रवासी कामदारहरुलाई सीप तालिमको लागि सम्बन्धीत निकायहरुमा सिफारिस गर्ने, आप्रवासी कामदारहरुसंग सन्वधीत मुद्दाहरुलाई (जस्तै उद्धार, शव झिकाउने तथा क्षतिपूर्ति, मेडिकल फेल, ठगी आदि) आवश्यक सहयोगको लागि सम्बन्धीत निकायहरुमा सिफारिस गर्ने, सेवाग्राहीहरुको अनलाईन अभिलेख राख्ने, जिल्ला प्रशासन कार्यालय, रोजगार सेवा केन्द्र, सम्वन्धीत स्थानीय तह तथा राष्ट्रिय साझेदार संस्थाहरु तथा सरोकारवालाहरुसंग समन्वय गर्ने, आवश्यकता अनुसार समुदायमा गएर परामर्श सेवा तथा सुचनाहरु प्रदान गन सक्ने क्षमता भएको ।

**पद : मनोसामाजिक परामर्शकर्ता (४ जना)**
**पदस्थापन स्थानः गौर १, चन्द्रपुर १, गरुडा १, दुर्गाभगवती १**
**आवश्यक योग्यता तथा अनुभव :**

- न्यूनतम प्रविणता प्रमाणपत्रतह वा १०+२ उत्तिर्ण गरी मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभव वा सो सम्वन्धी आधारभूत तालिम लिएकोवा परामर्श सम्वन्धी १ वर्षको अनुभव रहेकोर, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । कामको प्रकृति र गाम्भीर्यतालाई मध्येनजर गर्दै २५ वर्ष भन्दा माथीका उमेर समुहलाई प्राथमिकता दिईने छ । कार्यक्रम लागु भएको स्थानिय तहबाट धैरै युवाहरु बैदेशिक रोजगारीमा जाने गाउँ/टोल/बस्ति को स्थानिय बासिन्दालाई प्राथमिकता दिईनेछ ।
- समुदायमा मनोसामाजिक परामर्श सेवाको आवश्यकता रहेका वैदेशिक रोजगारीमा रहेका कामदारका परिवारहरुको घर पहिचान गर्ने, वैदेशिक रोजगारीमा रहेका कामदारका परिवारका सदस्यहरुलाई आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने, समूहमा छलफल चलाउने, मनोपरामर्शको माध्यमवाट प्रभावित व्यक्तिहरुमा विभिन्न आरोप र लाञ्छनालाई कसरी सामना गर्ने भन्ने शिपको बिकाश गर्न मद्दत गर्ने, भावनात्मक समस्या (डिप्रेशन) बढी भएका परिवारका सदस्यहरुमा आत्महत्याको जोखिमको लेखाजोखा गरी आत्महत्या रोकथाम गर्न सहयोगी हुने तरिका प्रयोग गर्दै मनोपरामर्श गर्ने, वै.रो.को कारणले गहन मनोसामाजीक समस्यामा परेका महिला तथा पुरुषहरुलाई थप मनोपरार्मशका लागि सहयोगी संस्थासंग सम्पर्क गराउने ।

**५. पद : सामाजिक परिचालक (१ जना)**
**पदस्थापन स्थानः माण्डवी कार्यलय गौर**
**आवश्यक योग्यता तथा अनुभव :**

- न्यूनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी सामाजिक परिचालनको क्षेत्रमा १ वर्षको अनुभव वा १० कक्षा पास गरी २ वर्ष बैदेशिक रोजगारमा काम गरी फर्किएर समाजिक परिचालनको काम गरेको अनुभव भएकोलाई प्राथमिकता दिईनेछ ।
- विभिन्न समुदायमा आधारित समूहहरु तथा क्लवहरुलाई सुरक्षित आप्रवासन सम्वन्धी सूचना तथा आप्रवासी स्रोत केन्द्रको वारेमा नियमित सचेत गर्ने, आफ्नो कार्यक्षेत्रमा संभावित आप्रवासीहरुको पहिचान गरी आप्रवासी स्रोत केन्दमा परामर्श लिनका लागि पठाउने, सीप तालिमको लागि सिफारिस गर्ने, बैदेशिक रोजगारमा समस्यामा परेका कामदारहरुको मुद्धाहरु पहिचान गरी आप्रवासी स्रोत केन्द्रमा पठाउने, कार्यक्रम गतिविधिहरुको प्रतिवेदन कार्यक्रम संयोजकलाई पेश गर्ने, कार्यक्रमका क्रियाकलापहरु संचालन गर्नका लागि वडा कार्यालयहरु, राजनीतिक दलहरु, सरोकारवालाहरुसंग समन्वय गर्ने, समुदाय स्तरमा संचालन हुने कृयाकलापका लागि जिम्मेवार हुन सक्ने ।

**६. पद : वित्तीय साक्षरता सहजकर्ता (४ जना)**
**पदस्थापन स्थान: गौर १, चन्द्रपुर १, गरुडा १, दुर्गाभगवती १**
**आवश्यक योग्यता तथा अनुभव :**

- न्यूनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण, वित्तिय संस्था, सहकारी, उद्यमशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ बर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । कामको प्रकृति र गाम्भीर्यतालाई मध्येनजर गर्दै २५ बर्ष भन्दा माथीका उमेर समुहलाई प्राथमिकता दिईने छ। कार्यक्रम लागु भएको स्थानिय तहबाट धेरै युवाहरु बैदेशिक रोजगारीमा जाने गाउँ/टोल/बस्ति को स्थानिय बासिन्दालाई प्राथमिकता दिईनेछ ।
- सामुदायिक छलफलबाट तोकिए अनुसार लक्षित सहभागि छनौट गर्ने, आधारभूत तथा अन्तिम अवस्था विश्लेषणका लागि तथ्याकं तथा विवरणहरु संकलन गर्ने, निर्धारित पाठ्यक्रम अनुसार नतिजामूखी कक्षाहरु संचालन गर्ने, घर भेटघाट गरी अनुशिक्षण तथा अनुगमन गर्ने, विषयसँग सम्वन्धीत सरोकारवाला तथा निकायसँग समन्वय, सहकार्य गरी सहभागिहरुको सम्वन्ध स्थापित गर्न सहयोग गर्ने, मनोसामाजिक परामर्शकर्ता तथा परियोजनाका अन्य कर्मचारी र संयन्त्रसँग समन्वय गर्ने, तोकिएको ढाँचा तथा समय भित्र प्रतिवेदन उपलब्ध गराउन सक्ने ।

**पद : रिटर्नी स्वयंसेवक (१२ जना)**
**पदस्थापन स्थान:** गौर न.पा ३ जना, गरुडा न.पा.३ जना., चन्द्रपुर न.पा.३ जना र दुर्गा भगवती गा.पा. ३ जना
**पदस्थापन स्थान :** गौर न.पा, गरुडा न.पा., चन्द्रपुर न.पा. र दुर्गा भगवती गा.पा.

**आवश्यक योग्यता तथा अनुभव :**

- न्यूनतम कक्षा ८ पास गरी वैदेशिक रोजगार (खाडी मुलुक वा मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभवभएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । तर महिला रिटर्नी स्यमसेवकको हकमा लेखपढ गर्न सक्नेलाई प्राथमिकता दिईनेछ ।
- वैदेशिक रोजगारमा जाने संभावित व्यक्तिहरु, फर्केका कामदार वा संलग्न कामदारका परिवारसँग भेटघाट गरी सुरक्षित वैदेशिक रोजगारबारे जानकारी दिने तथा उनीहरुलाई आप्रवासी स्रोत केन्द्रमा पठाउने, सम्भावित आप्रवासी कामदारहरुलाई सीप तालिमको थप जानकारीका लागि आप्रवासी स्रोत केन्द्रमा पठाउने, आप्रवासी कामदारहरुसंग सन्वधीत मुद्दाहरुलाई (जस्तै उद्धार, शव झिकाउने तथा क्षतिपूर्ति, मेडिकल फेल, ठगी आदि) आवश्यक सहयोगको लागि आप्रवासी स्रोत केन्द्रमा पठाउने, समुदाय स्तरमा संचालन हुने कृयाकलापको व्यवस्थापन तथा संचालनमा आवश्यक सहयोग पुरयाउने, मासिक प्रतिवेदन तयार गर्ने र बुझाउने सक्ने ।

**तलव तथा अन्य सुविधा:** संस्थाको नियमानुसार,
**आवश्यक कागजातहरु:** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले बायोडाटा, नेपाली नागरिकताको कपी, कम्तीमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको कपी सहित, प्रष्ट रुपमा पद उल्लेख गरिएको निवेदन mandwi.vacancy@gmail.com मा बुझाउनु पर्नेछ ।
**नोट:** प्रारम्भिक छनौटमा परेका उम्मेदबारहरुलाई मात्र लिखित, मौखिक प्रक्रियामा समावेश गरिने छ। संस्थाको निर्णय नै अन्तिम निर्णय हुनेछ । अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ ।
**दरखास्त दिने अन्तिम मिति:** २०७७ आषाढ १७ गते ५:०० बजे भित्र
**विस्तृत जानकारीको लागिखसम्पर्क ठेगाना :** माण्डवी, गौर(२, रौतहट,
ईमेल:mandwiempoweringwomen@gmail.com